# गैडहवा गाउँपालिका
# Gaidahawa Rural Municipality
## गाउँकार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

गैडहवा-३, रुपन्देही

Gaidahawa-3, Rupandehi लुम्बिनी प्रदेश, नेपाल

Lumbini Province, Nepal

प्रथम पटक प्रकाशित मिति २०७९/१०/१२

### विषयः किसान सूचिकरणका लागि सहजकर्ता नियुक्ति सम्बन्धी सूचना।

गैडहवा गाउँपालिकाको चालु आ.ब.२०७९/०८० को बार्षिक स्विकृत कार्यक्रम अनुसार नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सशर्त तथा आन्तरीक श्रोत अनुदान अन्तर्गत किसान सूचिकरणको लागि किसान सूचिकरण कार्यक्रम कार्यन्वयन विधि अनुसार किसान परिवारको व्यक्तिगत विवरण तथा तथ्याङ्क संकलनको लागि तपसिलको पदमा खुल्ला प्रतियोगितात्मक परीक्षाबाट सेवा करारमा पदपुर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुको लागि यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र गैडहवा गाउँपालिकाको कार्यालयमा दरखास्त पेस गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

| क्र.स | विज्ञापन नं. | सेवा/समुह/पद | माग पद संख्या | दरखास्त दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | २/२०७९/०८० | किसान सूचिकरण सहजकर्ता (गणक) | २७ जना | १००।- | |

१- योग्यता र अनुभव
   क. न्युनतम शैक्षिक योग्यताः माध्यमिक तह(कक्षा १२) वा सो सरह उत्तिर्ण।
   ख. एन्ड्रोईड मोबाइल/स्मार्ट फोन/ट्यावलेट वा ल्यापटप भएको र चलाउन सक्ने।
   ग. उमेरः १८ बर्ष पुरा भई ४० वर्ष ननाघेको।
   घ. कम्प्युटर सम्बन्धि आधारभुत ज्ञान भएको।

२. परीक्षाको किसिमः प्रारम्भिक योग्यता सूचि प्रकाशन, प्रयोगात्मक र अन्तर्वार्ता

३. परीक्षाको मिति, समय र स्थान सम्पर्क मितिमा तोकिनेछ।

४. दरखास्त बुजाउने अन्तिम मिति र स्थानः २०७९/१०/२६ गते कार्यालय समय भित्र गैडहवा गाउँपालिकाको कार्यालय विष्नुपुरा रुपन्देहि।

५. आवेदन दस्तुर बुझाउने स्थानः गैडहवा गाउँपालिकाको कार्यालय।

६. दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरू
   क. आवेदन फारम।
   ख. आवेदन दस्तुर तिरेको रसिद।
   ग. नेपालि नागरिकता र शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी।
   घ. पासपोर्ट साईजको फोटो ३ प्रति।
   ङ. कुनै तालिम वा अनुभव लिईएको भए सो को प्रमाण पत्रको प्रतिलिपि।

७. काम गर्नु पर्ने स्थानः गैडहवा गाउँपालिका क्षेत्र भित्र तोकिएको वडा।

८. सेवा सुविधाः किसान सूचिकरण कार्यक्रम कार्यन्वयन विधि २०७७ अनुसार प्रति घरधुरीको तथ्याङ्क संकलन तथा प्रविष्ट गरेबापत रु ७५।– र संचार खर्च बापत प्रति घरधुरी रु १५।– का दरले प्रदान गरिने छ।

९. यस बाहेक अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ ।

कृष्ण प्रसाद पन्थी
प्रमुख प्रशासकीय अधिकृत